आज मिति २०८२।८।८ गते सोमबार विहान ८:०० बजे लेटाङ नगरपालिकाको कार्यपालिकाको बैठक नगर प्रमख श्री भूपेन्द्र कुमार लावती ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा बैठक बसी देहायका निर्णयहरू गरियो।

उपस्थितिः बैठक संख्या: ६ (आ.व. ८२/०८३)

| क्र.स. | नाम थर | पद | | दस्तखत |
|---|---|---|---|---|
| १ | श्री भूपेन्द्र कुमार लावती | नगर प्रमुख | अध्यक्ष | |
| २ | श्री कृष्ण कुमारी पोखेल निरौला | नगर उपप्रमुख | सदस्य | |
| ३ | श्री विष्णु कुमार मगर | वडाध्यक्ष | सदस्य | |
| ४ | श्री तेज प्रसाद तिम्सिना | वडाध्यक्ष | सदस्य | |
| ५ | श्री नरेन्द्र पराजुली | का व वडाध्यक्ष | सदस्य | |
| ६ | श्री रामकुमार श्रेष्ठ | वडाध्यक्ष | सदस्य | |
| ७ | श्री भूम बहादुर सूर्य मगर | वडाध्यक्ष | सदस्य | |
| ८ | श्री जङ्गवीर तामाङ | वडाध्यक्ष | सदस्य | |
| ९ | श्री खगेन्द्र बहादुर लिम्बु | वडाध्यक्ष | सदस्य | |
| १० | श्री भीम प्रसाद पोखेल | वडाध्यक्ष | सदस्य | |
| ११ | श्री नन्द प्रसाद खतिवडा | वडाध्यक्ष | सदस्य | |
| १२ | श्री पुरनमाया राई | कापा सदस्य | सदस्य | |
| १३ | श्री शोभा बोहोरा खड्का | कापा सदस्य | सदस्य | |
| १४ | श्री चम्पा थापा मगर | कापा सदस्य | सदस्य | |
| १५ | श्री अमिता राई | कापा सदस्य | सदस्य | |
| १६ | श्री गीता मगर | कापा सदस्य | सदस्य | |
| १७ | श्री गंगामाया वि. क. | कापा सदस्य | सदस्य | |
| १८ | श्री ओम प्रकाश विश्वकर्मा | कापा सदस्य | सदस्य | |
| १९ | श्री माया नेपाली दर्जी | कापा सदस्य | सदस्य | |
| २० | श्री शशि राई | प्रमुख प्रशासकीय अधिकृत | सदस्य सचिव | |

अन्य उपस्थितिः

कृष्णराज राई शिक्षा अधिकृत दसौं

चुडा बोहोरा लेखा अधिकृत आठौं

भानु भक्त राई सिभिल इन्जिनियर

प्रल्हाद खड्का [illegible] [illegible]

तारा भट्टराई का. अ.

मिति २०८२।०८।०८ गतेको निर्णय

निर्णयहरू देहाय

| निर्णय नं. | प्रस्ताव/ विषय | निर्णय |
|---|---|---|
| १ | अघिल्लो बैठकको समिक्षा सम्बन्धमा | अघिल्लो कार्यपालिकाको निर्णयहरू कार्यान्वयनको सम्बन्धमा आवश्यक छलफल गर्दा निर्णयहरू कार्यान्वयनको चरणमा रहेको समीक्षा गरियो। |
| २ | चालु आ.व. २०८२/८३ को प्रथम चौमासिकको आय व्यय समीक्षा सम्बन्धमा | चालु आ.व. २०८२/८३ को कार्तिक मसान्त सम्मको आय व्यय प्रस्तुत गर्दा कुल आय प्राप्ति रु २००५७७४६१। र कुल व्यय तर्फ रु १०२३२९११०। चालु खर्च रु १०७६८८६१८। र पुँजीगत खर्च रु ११५६०४९२। सहितको चौमासिक आय व्यय प्रस्तुत गरी समीक्षा गरियो। |
| ३ | आ.व. २०८२/८३ मा बालमैत्री वडा घोषणाको तयारी | आ.व. २०८२/८३ मा वडा नं. ४ लाई २०८२।८।१६ गते मंगलबारको अनुगमन पछी बालमैत्री वडा घोषणा गर्ने र आगामी आ.व.हरूमा सबै वडा कार्यालयहरूलाई बालमैत्री घोषणा गर्न आवश्यक प्रकृया अगाडी बढाउने। |
| ४ | समला पदमार्ग निर्माण सम्बन्धमा | लेटाङ नगरपालिकाको वडा नं. ७ को समलाडाँडाँको समला पदमार्ग निर्माण सम्बन्धी कार्यको लागि कुल विनियोजित रु १००००००।०० रकमबाट निर्माण कार्यको लागि न्यून ठेक्कामा उल्लेख्य जनसहभागिता हुने र कार्य गर्न ईच्छुक तालिम प्राप्त जनशक्ति समेत उपलब्ध भएको हुँदा उक्त योजना उपभोक्ताहरूको सहभागितामा निर्माण गर्न उपभोक्ता समितिबाट संचालन गर्ने। |
| ५ | स्यानेटरी प्याड खरिद सम्बन्धमा | लेटाङ नगरपालिकाको लागि आ.व. २०८२/८३ को लागि विद्यालयहरूका छात्राका लागि निःशुल्क वितरण गर्न आवश्यक पर्ने स्यानेटरी प्याडको आपूर्ति सम्बन्धमा गत वर्षमा वितरण गरिएको प्याडको गुणस्तरको विषयमा अधिक गुनासो प्राप्त भएकोले आवश्यकता पहिचान र लागत अनुमान समेतलाई मध्य नजर गर्दा थप गुणस्तरीय सामान आपूर्ति हुने गरी रु १० लाखको सीमाभित्र रही सोझै खरिद प्रकृयाबाट गुणस्तरीय स्यानेटरी प्याड खरिद गर्न निर्देशन दिने। |
| ६ | उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमको सीमा निर्धारण सम्बन्धमा | आ.व. २०८२/८३ को लागि उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमको लागि उपकरण माग गरेको औजारमा खरिदको ५० प्रतिशत वा लागत अनुमान बढीमा रु ५,००,०००।०० जुन कम हुन्छ सोही रकम बजेटको परिधिभित्र रही अनुदान प्रदान गर्ने |
| ७ | एक वडा एक नगर गौरवका योजना छनौट सम्बन्धमा | तत्कालिन कार्यपालिकाको एक वडा एक नगर गौरवका योजनाहरू प्रकृया एवम् यस अघि तयार गरिएको मापदण्ड पुरा भएका योजनाहरूमध्येबाट देहाय बमोजिमको योजना छनौट गरी कार्यान्वयनमा लैजाने। मापदण्ड नपुगेको वडाहरूमा पुन योजना छनौट गरी [illegible] प्रस्ताव गर्ने। |

| क्र.सं. | योजनाको नाम | वडा नं | छनौटको आधार |
|---|---|---|---|
| १ | राजारानी सामा मूल सडक स्तरोन्नती | १ | सडक जिर्ण रहेको, साथै बढी जनसंख्या लाभान्वित हुने। |
| २ | धर्म [illegible] देखि [illegible] सम्मको सडक स्तरोन्नती | २ | प्रदेशले पठाएको रकम अपुग भएकाले। |

| | | | |
|---|---|---|---|
| ३ | वडा कार्यालय अगाडी देखि श्री शान्ती भगवती पछाडीको बाटोमा इन्टरलक निर्माण | ४ | अपुरो भएकाले पुरानो कामको निरन्तरता |
| ४ | कृषि मार्ग देखि दक्षिण प्रकाश मार्ग कालोपत्रे | ५ | अपुरो भएकाले पुरानो कामको निरन्तरता |
| ५ | फेदाप्जुङ मोटरबाटो स्तरउन्नती | ७ | सडक जिर्ण रहेको साथै बढी जनसंख्या लाभान्वित हुने। |
| ६ | पत्थर शाखाको स्वर्गद्वारी मार्ग दक्षिण फेसबुक चोक हुँदै रमाइलो चोक सम्म कंकृड पैनी निर्माण | ९ | धेरै कृषकहरूलाई लाभ हुने साथै कृषकको आयश्रोतमा टेवा पुग्ने। |

| | | |
|---|---|---|
| ८ | विशेष अनुदान अन्तरगतको छात्रावास निर्माणको लागत अनुमान बमोजिम नपुग हुने श्रोत ब्यवस्थापन सम्वन्धमा। | विशेष अनुदान अन्तरगत श्री शान्ति भगवती मा.वि. मा छात्रावास भवन निर्माणको थप निर्माण गर्न प्राप्त विशेष अनुदानबाट निर्माण सम्पन्न पछि सामान्य रूपमा सञ्चालन हुने गरी तयार भएको लागत अनुमान रू १०५८६४१०।८५ (अक्षेरेपी रू एक करोड पाँच लाख छयासी हजार चार सय दस रूपैया पचासी पैसा) छ। तर विषेश अनुदानबाट प्राप्त वजेट रु ६९०००० (उनान्सत्तरी लाख) मात्र भएको हुनाले अपुग हुने रकम रु ३६८६४१०।८५ (छत्तिस लाख छयासी हजार चार सय दस रूपैया पचासी पैसा) नगरपालिकाको आगामी नगरसभावाट अल्या बैंक मौजदात आन्तररिक स्रोतबाट ब्यवस्थापन गर्ने गरी स्रोत सुनिश्चित गर्ने र यथासिघ्र खरिद प्रकृया अगाडी बढाउन निर्देशन दिने। |
| ९ | लेटाङ नगरपालिका वडा नं. ५ को वडा कार्यालयको प्रशासनिक भवन निर्माणस्थलको माटो परिक्षण गर्ने सम्वन्धमा। | ५ नं. वडा कार्यालयको प्रशासनिक भवन निर्माणस्थलको माटो परीक्षण गरि सो प्रतिवेदन समेतका आधारमा भवन निर्माणको खरिद प्रकृया अगाडी बढाउने। |
| १० | निर्माणाधिन आयोजनाहरूको निर्माण सम्पन्न गर्न आवश्यक भेरिएसन गर्ने सम्वन्धमा। | १. लेटाङ नगरपालिकाको १० शैया अस्पताल निर्माण तथा सञ्चालन<br>२. अन्तरधार्मिक शान्तिपार्क निर्माण |
| ११ | हेरालु कर्मचारी सम्वन्धमा। | लेटाङ नगरपालिका, नेपाल रेडक्रस सोसाईटी र जल तथा मौषम विभागवाट लेटाङ १ मा स्थापना भएको मापन केन्द्रमा दैनिक रिपोर्टिङका लागि खटिने कर्मचारीको दैनिक रु १२०।०० सुविधा उपलब्ध गराउने। साथै यस अघि चिउरीको विरूवा वढाउनका लागि राखिएका हेरालुहरूको करार संझौता अन्त्य गर्ने र काममा नलगाउने। |
| १२ | लेटाङ नगरपालिकाको मुख्य प्रशासनिक भवनको जग्गा प्राप्ती सम्वन्धमा । | नगरपालिकाको मुख्य प्रशासनिक भवन निर्माण गर्न आवश्यक जग्गा पहिचान, प्राप्ति, माटो परीक्षण, IEE र DPR निर्माण लगायत आवश्यक प्रकृया अगाडी बढाउने र सोका लागि पुंजीगत अनुसन्धान तथा परमर्श सेवा शीर्षकबाट खर्च गर्ने |
| १३ | संघीय सशर्त तर्फको योजना वाल उद्यान निर्माण तथा व्यवस्थापन कार्यको स्थान छनौट सम्वन्धमा । | वाल उद्यान निर्माणको स्थान छनौटका लागि वालमैत्री वडा घोषणा गर्न प्रकृया अगाडी बढाउन छनौट गरिएको लेटाङ नगरपालिकाको वडा नं २ र ५ मध्ये २ नं वडामा छनौट गर्ने। |

| | | |
|---|---|---|
| १४ | स्पष्टीकरण सम्बन्धमा | वडा नं ३ को कार्यालयबाट मिति २०८२।७।२० देखि २३ गतेसम्म कार्यालय बन्द रहने सूचना टाँस गरी सेवा प्रवाहसमेत बन्द गरेकोमा वडा नं ३ को कार्यालयसँग लिखित स्पष्टीकरण माग गर्ने। |
| १५ | रकम भुक्तानी सम्बन्धमा | क) नेपाल आदीवासी जनजाती महासंघ समन्वय परिषद लेटाङ आई एल ओ १६९ का सम्वन्धमा गरेको कार्यक्रमको खर्च रकम रु ३५०००।०० भुक्तानी भुक्तानी दिने। (श्रोतः विभिन्न भाषा कला साहित्य संस्कृति तथा पर्व मेला उत्सव महोत्सव संरक्षण तथा प्रवर्धन विविध कार्यक्रम खर्च)<br>ख) वडा नं ३ को स्वीकृत बजेट तथा कार्यक्रमको "कर्मचारीको जनप्रतिनिध क्षमता अभिवृद्धि तथ अन्तरपालिका भ्रमण सिकाइ अभ्यास" शीर्षकबाट फोहोर मैला व्यवस्थापन सम्बन्धी असल अभ्यास सिकाइ आदन प्रदान गरी वडा नं ३ मा अवस्थित डम्पिङसाईट व्यवस्थापन गरी आवश्यक भएको हुँदा सो भ्रमण खर्च अनुमोदन गरी भुक्तानी प्रकृया बढाउन निर्देशन गर्ने। |
| १६ | बेरुजु फछ्यौंट उप समिति गठन सम्वन्धमा। | प्रमुख प्रशासकीय अधिकृत ज्यूको संयोजकत्वमा तपसिलका कर्मचारीहरू सदस्य रहेको उप समिति गठन गरी वेरूजुको अध्ययन गर्ने र सम्परीक्षणका लागि प्रमाण संकलन गरी प्रतिवेदन तयार गर्न कार्यदिश दिने।<br>१.शशि राई प्रमुख प्रशासकीय अधिकृत संयोजक<br>२. कृष्ण राज राई शिक्षा अधिकृत दसौ सदस्य<br>३. चुडा बोहोरा लेखा अधिकृत आठौ सदस्य<br>४. चेतनाथ गौतम शाखा अधिकृत आठौ सदस्य<br>५. सरोज सुवेदी आलेप अधिकृत आठौं सदस्य<br>६. ई. भानुभक्त राई ईन्जिनियर छैठौं सदस्य<br>७. पोषराज आचार्य लेखापाल पाचौं सदस्य<br>८. सुदिप घिमिरे प्रशासन अधिकृत छैटौं सदस्य<br>९. रबि सुवेदी प्रशासन सहायक पाचौं |
| १७ | हिउदे नगरसभा तयारी उप समिति गठन सम्वन्धमा । | प्रमुख प्रशासकीय अधिकृत ज्यूको संयोजकत्वमा हिउदे नगर सभा तयारी उपसमिति गठन गरी तयारी सुरू गर्न कार्यदिश दिने।<br>१.शशि राई प्रमुख प्रशासकीय अधिकृत संयोजक<br>२. कृष्ण राज राई शिक्षा अधिकृत दसौ सदस्य<br>३. चुडा बोहोरा लेखा अधिकृत आठौ सदस्य<br>४. चेतनाथ गौतम शाखा अधिकृत आठौ सदस्य<br>५ सरोज सुवेदी आलेप अधिकृत आठौं सदस्य<br>६. ई. भानुभक्त राई ईन्जिनियर छैठौं सदस्य<br>७. रबि सुवेदी प्रशासन सहायक पाचौं<br>८. श्याम कुमार राई कम्प्यूटर अपरेटर पाचौं |
| १८ | योजना एकिकरण गर्ने सम्वन्धमा | सशर्त अन्तरगतको पानी ट्याङ्की देखि लम्साल टोलसम्मको सडक स्तरोन्नती शिर्षकमा विनियोजित वजेट रु २५,००,०००।०० र २ नं. वडास्तरिय नगर गौरवको योजनाका लागि विनियोजित रकम समेत सोही योजनामा जोडी खरिद प्रकृया अगाडी बढाउन निर्देशन दिने । |

| | | |
|---|---|---|
| १९ | नगरको प्रवेशद्वार निर्माण सम्बन्धमा | नगरपालिकाबाट स्वीकृत गुरूयोजना अनुसार निर्माण हुने प्रवेशद्वार निर्माणका लागि नगर सभाबाट योजनाहरूको एकीकरण गरी बाँकी नगर सभाबाट स्रोत सुनिश्चित गर्ने गरी खरिद प्रकृया अगाडी बढाउने। |
| २० | कार्यक्रम संचालन सम्बन्धमा। | यस शीर्षकबाट आव ०८२।०८३ मा बिनियोजन भएको शिर्षक स्थानीय संघ संस्थाको प्रस्तावमा आधारित सामाजिक सरोकार कार्यक्रम सञ्चालन गर्ने प्रकृया अगाडी बढाउन देहाय बमोजिम गर्ने।<br>देहायः<br>क)लागुपदार्थ दुर्व्यसनी संघन क्षेत्रहरूमा लागु पदार्थ दुर्व्यसनी न्यूनीकरण सचेतना तथा सामाजिक सञ्जाल व्यवस्थापन कार्यक्रम सञ्चालन गर्ने।<br>ख) ९ वटै वडाका टोल विकास संस्था सवलीकरण तथा परिचालन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न। |
| २१ | प्रस्तावमा आधारित (टोलविकास संस्थासँग) कार्यक्रम सम्बन्धमा। | टोल विकास संस्था प्रवर्दनका लागि टोल विकास संस्थाको प्रस्तावमा आधारित कार्यक्रम संचालन गर्नका लागि टोल विकास संस्थासँग रचनात्मक प्रस्ताव माग गरी कार्यक्रम संचालन गर्ने। |
| २२ | गरिवी निवारण कार्यक्रम सञ्चालन | गरिवि निवारण कोष कार्यविधि २०८१ अनुसार कार्यक्रम कार्यान्वयन गर्नका लागि सूचना प्रकाशन गर्ने। |
| २३ | चुरेक्षेत्रको मुहान संरक्षण कार्यक्रम | नगरपालिका क्षेत्रको चुरे क्षेत्रमा पानीको मुहान संरक्षण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न आवश्यकता पहिचान गरी प्रस्ताव माग गर्ने र प्रकृया अगाडी बढाउने। |
| २४ | कार्यविधि निर्माण | तपसिलका विषय क्षेत्रसँग सम्बन्धित कार्यविधिहरू तयार गरी प्रकृयागत रूपमा पेश गर्न कार्यदिश दिने<br>१.आपत्कालिन कार्य सञ्चलन केन्द्र सञ्चानल<br>२.विद्यालयको छात्रबास सञ्चालन तथा व्यवस्थापन<br>३.अन्तरधार्मिक शान्तिपार्क सञ्चलन तथा व्यवस्थापन<br>४.करार तथा अस्थायी कर्मचारीको अवकासको सुविधा |
| २५ | बर्षाको क्षतिपूर्ती र राहात सम्बन्धमा। | २०८२ साल कार्तिक महिनामा भएको वर्षा र बाढीको कारण नगरक्षेत्रका कृषकहरूको धानबालीमा भएको क्षती र राहात सम्बन्धमा देहायको नगरका किसानहरूको धानबालीमा भएको क्षतीलाई आवश्यक क्षतिपूर्ति तथा राहताका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गर्ने।<br>देहायः<br>१.राधा भण्डारी, लेटाङ - २<br>२.पुरूषोत्तम ढुंगेल, लेटाङ - २<br>३.कोपिला दंगाल, लेटाङ-२ |
| २६ | लेटाङ रन सञ्चालन सम्वन्धमा | लेटाङ नगरपालिका वडा नं. ३ को कमलपुरमा लेटाङ रन आयोजकले २०८२।१०।१ गते आयोजना गर्ने लेटाङ रन कार्यक्रम सञ्चालनका लागि रू५००००/-(पचास हजार)आर्थिक सहयोग गर्ने (शीर्षकः कार्यक्रम खर्च) |
| २७ | विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम आर्थिक सहयोग सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ४ को च.नं. २१९ मिति २०८२।८।८ को सिफारिस अनुसार वडा नं ४ को स्वीकृत वार्षिक बजेट बाट तपसिलको वडावासीहरूलाई रू१००००/- (दश हजारका) दरले आर्थिक सहयोग गर्ने। (श्रोतः विपन्न नागरिक स्वास्थ्य उपचार कार्यक्रम)<br>क. सुनिता राई लेटाङ ४ |

| | | |
|---|---|---|
| | | ख. इन्द्र बहादुर मगर लेटाङ ४<br>ग. मेरिका श्रेष्ठ लेटाङ ४<br>घ. धनबहादुर प्रधान लेटाङ ४<br>ङ. हस्तमान लिम्बु लेटाङ ४<br>च. रेहान चेम्जोङ लेटाङ ४<br>छ. मुन्द्रिका देवी लिम्बु लेटाङ ४<br>ज. रामकुमार श्रेष्ठ लेटाङ ४<br>झ. शान्ता राई लेटाङ ४<br>ञ. तारा विश्वकर्मा लेटाङ ४ |
| २८ | राष्ट्रिय सामुदायिक महिला स्वयंसेवीका सम्मानजनक विदाई सम्बन्धमा | आर्थिक वर्ष २०८२/०८३ को स्वास्थ्य तर्फ स्वीकृत कार्यक्रमको **राष्ट्रिय सामुदायिक महिला स्वयंसेवीका सम्मानजनक विदाई** शीर्षकबाट यस आ.व. ०८२/०८३ मा उमेर ६० वर्ष पूरा गरी अवकास हुनु भएका लेटाङ नगरपालिका वडा नं १ का रा.सा.म.स्वयंसेविक श्री सुकमाया लिम्बुमात्र रहेकोले निजलाई रू ३०००० (तीस हजार) रकम सहित सम्मानजनक विदाई गर्ने। |
| २९ | बाटो मर्मत | १. लेटाङ नगरपालिका वडा नं ८ को डाडागाउँदेखि एक्लेसम्म सडक मर्मतका लागि प्राविधिक स्टमेट अनुसारको लागत रकम दिने। स्रोत विपद<br>२. चिसाङ खोला च्यानलाईज र लेटाङ नगरपालिकाको विरन टोलदेखि सानाकिसान चोक सम्म सडक मर्मतका लागि लागत अनुमान अनुसार वजेट विनियोजन गर्ने। स्रोत विपद |
| ३० | विद्युत विस्तार सम्बन्धमा। | लेटाङ नगरपालिका STREET LIGHT IN MAIN LINE AND BUDDHA MARGA मा सडक बत्ती व्यवस्थापनका लागि प्राविधिकबाट रू४,९०,१३८/- लागत अनुमान तयार भएको हुँदा उक्त स्थानमा सडक बत्ती विस्तार गर्ने। (श्रोतः विद्युत विस्तार तथा स्तरउन्नती) |
| ३१ | विपद् राहात सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं २ को कुम्ले स्थित दाताराम गुरागाईको घर मिति:२०८२।०७।०३ गते बेलुका भएको आगोलागीबाट निजको घर पूर्णरूपमा क्षति भएकाले नगरपालिकाबाट तत्काल राहात उपलब्ध गराएको खर्च रकम बिल बमोजिम रू२२५७०/- भुक्तानी प्रदान गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ३२ | सडक मर्मत संभार सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ८ एक्ले बाटो मर्मत संभारका लागि प्राविधिक लागत अनुमान बमोजिम रू७५७८९/- बजेट बिनियोजन गर्ने। (श्रोतः सडक मर्मत संभार कोष) |
| ३३ | विपद् व्यवस्थापन सम्बन्धमा। | लेटाङ नगरपालिका वडा नं ३ चिसाङ पुल दक्षिण तर्फ चिसाङ खोला चेनलाईज र रोड मेन्टेनेन्सका लागि प्राविधिक लागत अनुमान बमोजिम रू२९२२८४।९८ बजेट विनियोजन गर्ने। (श्रोतः विपद् व्यवस्थापन कोष) |
| ३४ | उपभोक्ता समितिबाट योजना संचालन सम्बन्धमा। | लेटाङ नगरपालिकाको एक वडा एक नगरको गौरवको योजना अन्तर्गत लेटाङ नगरपालिका १ नं वडामा रहेको योजना राजारानी साग्मा मुल सडक स्तरउन्नती कार्यका लागि उपभोक्ता समितिमार्फत कार्य गराउँदा स्थानीय श्रमिकहरूले प्रत्यक्ष काम पाउने तथा स्थानीय कच्चा पदार्थहरू प्रयोग हुने। साथै उक्त कार्यमा कुनैपनी मेशिनरी औजारहरूको प्रयोग नहुने भएकाले उक्त योजना उपभोक्ता समितिबाट संचालन गर्ने। |